## कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था
## बाँके । ०७७ वैशाख १० गते

नवलपरासी पश्चिम जिल्ला बर्दघाट नगरपालिकाका ७८ वर्षीय पुरूषमा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । आरडीटी विधिबाट परीक्षण गर्दा पोजेटिभ देखिएको हो । आरडीटी परीक्षणमा पोजेटिभ देखिएपछी स्वाब सङ्कलन गरी अन्तिम परीक्षणका लागि रुपन्देही जिल्लाको भैरहवास्थित कोराना परीक्षण प्रयोशालामा पठाइएको छ ।

प्रदेश ५ मन्त्री परिषद्को वैशाख १० गते बसेको बैठकले कोरोना भाइरस जोखिम व्यवस्थापनको लागि आवश्यक काम गर्न प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन समितिलाई रकम दिने निर्णय गरेको छ । तराईका जिल्लाहरूलाई ८ लाख रुपियाँ र पहाडी जिल्लाहरूलाई ५ लाख रुपिँयाका दरले दिने निर्णय गरेको हो ।

रुकुम पूर्व जिल्लामा मानव अधिकारको अवस्था अनुगमन गर्न जिल्लास्तरीय समिति गठन गरिएको छ । समितिमा इन्सेक जिल्ला प्रतिधिनि जयमान बुढा मगर सदस्य रहेका छन् ।

तुलसीपुर उपमनपाले राहत लिनेलाई श्रममा लगाउने गरी श्रम बैङ्क स्थापना गरेको छ । सामाजिक दुरी कायम गर्दै बसेको नगर कार्यपालिकाको ८४ औं बैठकले श्रम बैङ्क सञ्चालन गर्न वडाध्यक्षको संयोजकत्वमा वडा-वडामा श्रम समिति बनाइने छ । यस्तो समितिले कामसँगै खाद्यान्न पनि उपलब्ध गराउने छ ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार बर्दघाट नगरपालिकाका ७८ वर्षीय पुरूषमा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । आरडीटी विधिबाट परीक्षण गर्दा पोजेटिभ देखिएको छ ।

आरडीटी परीक्षणमा पोजेटिभ देखिएपछि स्वाब सङ्कलन गरी अन्तिम परीक्षणका लागि रुपन्देही जिल्लाको भैरहवास्थित कोराना परीक्षण प्रयोशालामा पठाइएको छ ।

दुई पटक आरडीटी परीक्षण गर्दा पाजेटिभ देखिएको भएपनि उनका सात जना परिवारका सदस्यमा गरीएको परीक्षण रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार प्रदेश मन्त्रीपरिषद्को वैशाख १० गते बसेको बैठकले कोरोना भाइरस जोखिम व्यवस्थापनको लागि आवश्यक काम गर्न प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन समितिलाई रकम दिने निर्णय गरेको छ । तराईका जिल्लाहरूलाई ८ लाख रुपियाँ र पहाडी जिल्लाहरूलाई ५ लाख रुपियाँका दरले दिने निर्णय गरेको हो ।

यसैगरी विश्वमा फैलिएको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणमा भइरहेका प्रयास र आगामी दिनमा गर्नुपर्ने कामका विषयमा मुख्य मन्त्रीले आठौँ भिडियो सम्वाद गर्नु भएको छ । मुख्य मन्त्री शङ्कर पोखरेलले वैशाख १० गते बर्दियास्थित राजनीतिक दलका नेता, प्रमुख जिल्ला अधिकारी र जिल्ला समन्वय समितिका प्रमुखसँग एकीकृत भिडियो सम्वाद गर्नु भएको हो ।

सर्वपक्षीय भिडियो सम्वादमा बर्दियाका प्रमुख जिल्ला अधिकारी प्रेम खनाल, जिल्ला समन्वय समितिका प्रमुख शङ्कर थारु, नेकपा जिल्ला इन्चार्ज लक्ष्मण ज्ञवाली, नेपाली कांग्रेस जिल्ला सभापति सञ्जय गौतम र नेकपा बर्दियाका अध्यक्ष भुवन थारु सहभागी हुनुभएको थियो ।

जिल्लामा कोरोना रोग नियन्त्रण तथा रोकथामका लागि अहिलेसम्म भएका काम र आगामी दिनमा गर्नुपर्ने कामका विषयमा जानकारी लिँदै मन्त्री पोखरेलले कोरोना नियन्त्रणमा सबै मिलेर अघि बढ्नु पर्ने र सबै मिलेर मात्रै कोरोनालाई पराजित गर्न सकिने बताउनु भयो ।

उहाँले चिकित्सक, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई उच्च मनोबलका साथ काममा खट्न प्रेरित गर्न आग्रह समेत गर्नुभयो । स्थानीय श्रमलाई प्रयोग गरेर गर्ने काम र क्वारेण्टाइनमा राखेर गर्न सकिने विकास निर्माणका काम नरोक्न र अघि बढाउन निर्देशन समेत दिनु भयो ।

प्रदेश सरकारले बुटवल, भैरहवा, बाँकेको खजुरा र दाङको बेलझुण्डीमा कोरोना आइसोलेशन अस्पताल निमार्ण गरी आइसीयू सहितको उपचारको व्यवस्था रहेकोले कोरोनाको उपचारको आवश्यक प्रबन्ध भएको जानकारी गराउनु भयो ।

सहभागीहरूले आरडीटी परीक्षणको सङ्ख्या बढाउन, स्वास्थ्य सामग्रीको आपूर्ति बढाउन, स्वास्थ्य संस्थाहरूलाई सबल र सक्षम बनाउनका लागि मुख्यमन्त्री पोखरेललाई आग्रह गर्नुभएको थियो ।

यसैगरी भैरहवामा रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला १ सय ५१ जनाको थ्रोट स्वावको नमूना परीक्षण गरिएकोमा १ सय ४९ जनाको रिपोर्ट नेगेटिभ आएको र दुई जनाको परीक्षणको प्रक्रियामा  रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्ति प्रमुख डाक्टर राजेन्द्रकुमार गिरीले बताउन भयो ।

प्रदेश ५ मा जाँचेका सबै नमूना परीक्षण गर्दा सबै नेगेटिभ आएको र जाँच गरेको जम्मा नमूनाबाट १० प्रतिशत त्यसको विश्वनीयताको लागि केन्द्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने प्रावधान भए अनुरुप १२ ओटा नमूना केन्द्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको डाक्टर गिरीले बताउनुभयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार तुलसीपुर उपमनपाले राहत लिनेलाई श्रममा लगाउने गरी श्रम बैङ्क स्थापना गर्ने निर्णय गरेको छ । सामाजिक दुरी कायम गर्दै बसेको नगर कार्यपालिकाको ८४ औं बैठकले यस्तो निर्णय गरेको हो ।

श्रम बैंक सञ्चालन गर्न वडाध्यक्षको संयोजकत्वमा वडा-वडामा श्रम समिति बनाइने छ। यस्तो समितिले कामसँगै खाद्यान्न पनि उपलब्ध गराउने छ। ‘जनता भौकै पनि नरहुन् र काम पनि पाउन् भन्नका लागि यस्तो योजना अगाडि बढाइएको हो ।’-मेयर घनश्याम पाण्डेले भन्नु भयो ।

‘असक्त, ज्येष्ठ नागरिक लगायतकालाई भने राहतका लागि श्रम बैङ्कमा काम गर्नुपर्ने छैन ।’-पाण्डेले भन्नु भयो ।

बाहिरबाट फर्किएका श्रमिकहरूलाई काममा लगाउनका लागि पनि यस्तो निर्णय गरिएको हो । श्रम बैङ्कमा स्थानीयलाई प्राथमिकतामा राखेर काम गराइनेछ ।

यसैगरी दाङकै तुलसीपुर उमपनरपाले उपमहानगरभित्र रहेका दीर्घ रोगीहरूको तथ्याङ्क सङ्कलन गरेको छ । लकडाउनका कारण दीर्घरोगीहरूलाई औषधि आपूर्तिमा समस्या हुनसक्ने भन्दै उपमनपा भित्रका दीर्घरोगीहरूको तथ्याङक लिएको हो । उपमनपामा २  हजार २ सय ३३ जना दीर्घरोगी रहेको भन्दै उनीहरूलाई रोग अनुसारको औषधि घरसम्मै पुऱ्याउने व्यवस्था गरिएको उपमनपाका  प्रवक्ता श्याम डाँगीले जानकारी दिनुभयो । सुगर, प्रेसर लगायतका दीर्घ रोगका औषधि बिरामीको घरसम्म पुऱ्याउने र उपमहानगरको स्वास्थ्य महाशाखामा उपलब्ध औषधि निशुल्क रुपमा उपलब्ध गराउने भएको छ ।

जिल्ला बाहिरबाट ल्याउनुपर्ने औषधि भए फार्मेसी सङ्घलाई औषधिको लिष्ट उपलब्ध गराइएको र बजार मूल्यमै औषधि घरमा पुऱ्याउने व्यवस्था गरिएको उपमहानगरले जनाएको छ । जिल्ला फार्मेसी सङ्घ दाङले विज्ञप्ति निकालेर अत्यावश्यकीय औषधि घरसम्मै पुऱ्याउने जनाएको छ ।

जिल्लामा हाल १२ जना आइसोलेशनमा रहेका छन् । सात जनाको स्वाब परीक्षणका लागि बुटवल पठाइसकिएको छ भने पाँच जनाको स्वाब सङ्कलनको तयारी भएको छ । जिल्लामा ९७ जना क्वारेण्टाइनमा रहेका  छन् ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार क्वारेण्टाइनमा राखिएका ३३ जनाको आरडीटी विधिबाट कोरोना भाइरसको प्रारम्भिक परीक्षण र आठ जनाको पीसीआर विधिबाट परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको सहायक प्रमुख जिल्ला अधिकारी विष्णुराज बेल्वासेले जानकारी दिनुभयो ।

मालारानी गाउँपालिका र छत्रदेब गाउँपालिकाले विपन्न तथा गरिब परिवारलाई राहात वितरण गरिरहेका छन् ।  हाल जिल्लामा ४७ जना क्वारेण्टाइनमा रहेका छन् ।

जिल्ला प्रसासन कार्यलयले कोरोना भाइरस सङ्क्रमणबाट सुरिक्षत रहनको लागि बाहिरी जिल्ला बाट आउने तरकारी फलफुल र मासु जस्ता खाद्य पदार्थमा रोक लगाउने निर्णय गरेको छ ।

वैशाख १० गते मात्र काठमाडौंबाट ४ सय जना जिल्ला भित्रिएका छन् । उनीहरूलाई स्थानीय तहले निर्माण गरेका क्वारेण्टाइनमा राखिएको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्वती आचार्य**का अनुसार कपिलवस्तु जिल्लामा वैशाख १० गते सम्मको अवस्था सामान्य रहेको छ । जिल्लाका १० स्थानीय तहमा १ हजार १२ क्वारेण्टाइन बेडको क्षमता रहेको छ। क्वारेण्टामा हालसम्म १ हजार १५ जना रहेकामा ८ सय १२ जनालाई घर पठाइसकिएको छ ।

हासम्म ७ सय ७२ जनाको आरडीटी परीक्षण गरिएकामा सबैको रिपोर्ट नेगेटिभ देखिएपछि घर पठाइएको छ ।

सिमाक्षेत्रका सबै नाकाहरूलाई बन्द गर्न सुरक्षाकर्मीहरू परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी दीर्घनारायण पौडेलले बताउनु भयो ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार वैशाख १० गतेसम्म पाल्पा जिल्लामा कोही पनि कोरोना सङ्क्रमित भेटिएका छैनन् । तर, लकडाउनलाई भने स्थानीय प्रशासनले कडाइका साथ अगाडि बढाएको छ। दुध तथा तरकारी पसल बिहान दुई र साँझ दुई घण्टा खोल्न अनुमति दिइएको छ भने अन्य समयमा मेडिकल बाहेक सबै पसलहरू बन्द रहेका छन् ।

बाहिरी जिल्लाबाट तरकारी, फलफुल आयातमा हाललाई रोक लगाइएको प्रमुख जिल्ला अधिकारी यादव सुवेदीले बताउनुभयो ।

तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले कृषि एम्बुलेन्स मार्फत घरघरमा तरकारी पुऱ्याउने अभियान सुरू गरेका छन् ।

जिल्लाका सबै स्थानीय तहहरूले प्रकोप व्यपस्थापन कोष बनाएर एकद्वार प्रणालीबाट कोरोना राहत सङ्कलन र वितरणको कार्यलाई पारदर्शी रूपमा अगाडि बढाएको जनाएका छन् । पहिलो चरणको राहत वितरण कार्य सकिएको र दोस्रो चरणको राहत वितरण कार्य अगाडि बढाइएको स्थानीय तहहरूले जनाएका छन् ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्ला विपद् व्यावस्थापन समितिको चैत ९ गते सम्पन्न बैठकले जिल्ला बाहिरबाट आउने सबैलाई अनिवार्य रुपमा स्थानीय तहको क्वारेण्टाइनमा राख्ने, विदेशबाट आएका र क्वारेण्टाइनमा बसेकाहरूको आरडीटी परीक्षण गरी प्रमाण पत्र दिने निर्णय गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी लक्ष्मण पाण्डेयले जानकारी दिनुभयो ।

यसैगरी बालबालिकालाई दिइने खोप तथा ज्येष्ठ नागरिक उपचार सेवा सुचारू गर्ने, अलपत्र परेका मजदुरलाई व्यावस्थापन गर्ने, विपन्न परिवारलाई केन्द्रीय मापदण्ड अनुसार राहत उपलब्ध गराउने निर्णय भएको पाण्डेयले बताउनुभयो ।

जिल्ला बाहिरबाट आउने तरकारी, फलफुल, अण्डा, मासु, कुखुरा, माछालाई विषादी जाँचपास, क्वारेण्टाइन चेकजाँच गरेको प्रमाणपत्र र जिल्लाको अनुमति लिएको आधारमा मात्र प्रवेश दिने निर्णय भएको प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्माले जानकारी दिनुभयो ।

किसानहरूलाई खेतीपाती गर्ने कार्यमा सहजीकरण र निरन्तरता दिने, स्वास्थ्य कार्यालयले औषधि आपूर्ति गर्ने, उद्योग वाणिज्य सङ्घले खाद्यान्न आपूर्ति गर्ने, कृषि ज्ञान केन्द्रले मल, बिउ र किटनाशक विषादी व्यावस्थापन गर्ने निर्णय गरिएको छ ।

**इन्सेक रुकुम पूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार, १० गते सिस्ने गाउँपालिकामा क्वारेण्टाइनमा बसेका दुई जना र होम क्वारेण्टाइनमा बसेका ७२ जना गरी ७४ जनाको आरडीटी विधिबाट परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

बाँकी होम क्वारेण्टाइनमा रहेका सिस्ने गाउँपालिकाका चार जना र भूमे गाउँपालिकाका २९ जनालाई वैशाख ११ गते र पुथाउत्तरगङ्गा गाउँपालिकाका चार जनालाई वैशाख १२ गते आरडीटी गरिने जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादव शर्माले बताउनु भयो ।

भक्तपुरको इँट्टा उद्योगमा काम गर्नेहरू लकडाउनले गर्दा अलपत्र परेकालाई १० गते भूमे गाउँपालिकाका ४४ जनालाई गाउँपालिका र सङ्घीय सरकारसँगको समन्वयमा उद्धार गरिएको छ । उनीहरूको स्वास्थ्य चेकजाँच गरिएकोमा सबैको स्वास्थ्य अवस्था सामान्य रहेकाले दुई हप्ता सम्म होम क्वारेण्टाइन बस्ने व्यवस्था मिलाइएको गाउँपालिकाले जनाएको छ ।

यसैगरी रुकुम पूर्वमा मानव अधिकारको अवस्था अनुगमन गर्न जिल्ला स्तरीय समिति गठन गरिएको छ । नेपाल बार एसोशियसन एवम् गैरसरकारी संस्था महासङ्घ रुकुम पूर्वका अध्यक्ष दामोदर गौतमको संयोजकत्वमा गठित समितिमा इन्सेक जिल्ला प्रतिधिनि जयमान बुढा मगर र राससका जिल्ला सम्वादाता सर्जना कार्की रहनु भएको छ । कोरोना भाइरसबाट उत्पन्न वर्तमान परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न उक्त समिति गठन गरिएको संयोजक गौतमले जानकारी दिनुभयो ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार जिल्लामा ७४ क्वारेण्टाइनमा १ हजार ७ सय ८१ बेड रहेका छन् । जसमा वैशाख १० गतेसम्ममा १ हजार २ सय ९५ जना क्वारेण्टाइनमा रहेका छन् ।

दुई हप्ता क्वारेण्टाइनमा बसिसकेकाहरूमध्ये हालसम्म ३ सय ८६ जनाको आरडीटी परीक्षण र २५ जनाको स्वाब परीक्षण गरिएकामा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**